नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग

## हुलाकी राजमार्ग निर्देशनालय

# योजना कार्यालय जनकपुर, धनुषा



नेपालको संविधान, २०७२ को दफा २७ र सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ को उपदफा ३ र सूचनाको
हकसम्बन्धि नियमावली, २०६५ को नियम ३
बमोजिम देहाय बमोजिम सुचना स्वतः प्रकाशन (**Proactive Disclosure**) सार्वजानिक गरिएको छ |

# स्वतः प्रकाशन (**Proactive Disclosure**)

आ.व.२०८२/८३ (श्रावण देखि असोजसम्म)

# विषयसूची


क) निकायको स्वरुप र प्रकृति : ................................................................................ ४

ख) निकायको काम कर्तव्य र अधिकार : ............................................................................ ५

ग) निकायमा रहने कर्मचारीको संख्या र कार्य विवरण : ........................................................ ५-६

घ) निकायवाट प्रदान गरिने सेवा ............................................................................... ६

ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :................................................... ७

च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि : .................................................................... ७

छ) निर्णय गर्ने प्रकृया र अधिकारी ............................................................................ ७

ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी : ........................................................................ ७

झ) सम्पादन गरेको कामको विवरण : .......................................................................... ८-१२

ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद : .................................................................. १२

ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची : .............................................................. १२


ठ) आम्दानी  खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण :- ............................................ ..१३

## क) निकायको स्वरुप र प्रकृति :

यो कार्यालय सडक विभागको आयोजना अन्तर्गत रहेको हुलाकी राजमार्ग निर्देशनालय अन्तर्गतको एक प्राविधिक इकाइ हो, जसले मधेश प्रदेशका सिराहा, धनुषा, महोत्तरी तथा सर्लाही जिल्लाहरूमा पर्ने पुर्व-पश्चिम र उतर-दक्षिण हुलाकी सडक नेटवर्कमा रहेका सडक तथा पुलहरूको सर्वेक्षण, निर्माण, स्तरोन्नति, मर्मत तथा अनुगमन गर्ने कार्य गर्दछ । यस योजना कार्यालयले दीर्घकालीन पूर्वाधार विकास, यातायात सञ्जाल विस्तार तथा स्थानीय र राष्ट्रिय सडकमा सुरक्षित र भरपर्दो आवागमन सुविधा सुनिश्चित गर्ने उद्देश्य लिएको छ। सडक तथा पुल निर्माण र मर्मत सम्भारको सम्पूर्ण प्रक्रिया प्राविधिक मापदण्डअनुसार, पारदर्शी ठेक्का प्रणाली र गुणस्तरीय निर्माण कार्यप्रणालीमा आधारित रहन्छ।

Project Location Line Diagram

Hulaki Rajmarga Project, Janakpur




| Name | Index | Length (Km) |
|---|---|---|
| Black Top Road | | 342.68 Km |
| Gravel Road | | 61 Km |
| E-W | | 158.93 Km |
| N-S | | 244.75 Km |
| TOTAL | | 403.68 Km |

## ख) निकायको काम किर्तव्य र अधिकार :

### निकायको काम

- हुलाकी सडक अन्तर्गत पर्ने पुल तथा सडकहरुको निर्माण कार्यको अनुगमन तथा मुल्यांकन गर्ने |
- प्रगति विवरण तयार गरी माथिल्लो निकायमा पेश गर्ने ।
- निर्माण कार्यहरुको प्रगति रिपोर्ट सम्बन्धित निकायमा पेश गर्ने।
- सेवाग्राही र सरोकारवालासँग समन्वय गरी समस्या समाधान गर्ने ।
- बातावरणीय मूल्यांकन र व्यवस्थापनमा सहयोग गर्ने ।
- माथिलो निकाय मन्त्रालय, विभाग तथा निर्देशनालयबाट आएका विभिन्न निर्देशन तथा सुझावहरु कार्यन्वयन गर्ने |

### निकायको कर्तव्य

- निर्माण कार्यहरु निर्धारित समयमा नै पूरा गर्ने/गराउने ।
- निर्माण कार्यहरुको गुणस्तरमा सम्झौता नगरी प्राविधिक मापदण्ड अनुसार कार्य गर्ने/गराउने ।
- निर्माण कार्यहरुको नियमित अनुगमन, परीक्षण तथा मूल्यांकन गर्ने ।
- निर्माण कार्यमा उत्पन्न हुने समस्या समाधानका उपायहरु अवलम्बन गर्ने।
- निर्माण कार्यहरुले पर्यावरणमा गर्ने प्रभावलाई न्यूनतम गर्ने प्रयास गर्ने।

### निकायको अधिकार

- निर्माण कार्यहरुको लागि आवश्यक निर्णय गर्ने अधिकार।
- निर्माण कार्यको लापरबाहीमा आवश्यक कारबाही गर्ने अधिकार ।
- आवश्यकता अनुसार जग्गा अधिग्रहण तथा घर/टहराहरुको क्षतिपूर्ति सम्बन्धि प्रक्रिया प्रारम्भ गर्ने अधिकार।
- सडक पुलको सर्वेक्षण तथा नापजाँच गर्ने अधिकार ।

## ग) निकायमा रहने कर्मचारीको संख्या र कार्य विवरण :

यस कार्यालयलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानुनी प्रावधान रहेको छ । हाल यस कार्यालयमा देहाय वमोजिमको स्वीकृत दरवन्दी अनुसार कर्मचारीहरु कार्यरत रहेका छन् ।

देहाय :

| | कर्मचारी दरवन्दी विवरण | | | |
|---|---|---|---|---|
| सि.नं. | पद | आ.ब. २०८२/०८३ को स्वीकृत दरवन्दी संख्या | स्थायी कार्यरत | कैफियत |
| | **प्राविधिक तर्फ** | | | |
| १ | रा.प.द्धितिय (योजना प्रमुख) | १ | १ | |
| २ | रा.प.तृतिय (इन्जिनियर) | ३ | ४ | १ जना कामकाजमा |
| ३ | रा.प.अनं. प्रथम (सब-इन्जिनियर) | ६ | ६ | |
| | **प्रशासन तर्फ** | | | |
| १ | रा.प.तृतिय (लेखा अधिकृत) | १ | १ | |
| २ | रा.प.अनं. प्रथम (लेखापाल) | १ | १ | |
| ३ | रा.प.अनं. प्रथम (नायव सुब्बा) | १ | १ | |
| ४ | रा.प.अनं. प्रथम (कम्प्युटर अपरेटर) | १ | १ | |
| ५ | ह.स.चा. | १ | १ | |
| ६ | का.स. | २ | २ | |
| | | १७ | १७ | |

## घ) निकायबाट प्रदान गरिने सेवा :

- नदी खोला र अन्य जलाशय पार गर्न पुलहरुको निर्माण।
- सडक तथा पुल मर्मत तथा पुन:निर्माण कार्य।
- सेवाग्राहीको समस्या समाधानका लागि गुनासो व्यवस्थापन प्रणाली।

## ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी :

| सि.न. | निकायको शाखा | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| १ | योजना प्रमुख | ई. कृष्ण कुमार महतो | |
| २ | प्राविधिक शाखा | ई. बेचन कुमार भण्डारी<br>ई. रंजित कुमार राय<br>ई. बिकाश कुमार<br>ई. सूर्य नारायण मण्डल<br>सव.ई. उपेन्द्र सहनी<br>सव.ई. नारेन्द्र कुमार यादव<br>सव.ई. पंकज कुमार कर्ण<br>सव.ई. धिरेश कुमार साह<br>सव.ई. दिनेश कुमार मण्डल | |
| ३ | लेखा शाखा | ले.अ. रन्जय कुमार मेहता<br>लेखापाल. बिकु कुमार मण्डल | |
| ४ | प्रशासन शाखा | ना.सु. श्री अमित कुमार साह | |

## च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

दश पाना सम्मको सूचना निशुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पाना रु. ५ दस्तुर लाग्ने सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने। कार्यालयमा परेका उजुरी र निवेदनको सम्बन्धमा कुनै दस्तुर नलाग्ने।

## छ) निर्णय गर्ने प्रकृया र अधिकारी :

नागरिकले माग गरेको सूचना १५ दिनभित्र सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्ध उजुरी गर्न कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिन भित्र कार्यालय प्रमुखले सूचना अधिकारी मार्फत वा आफै नागरिकलाई सूचना उपलब्ध गराउनुपर्दछ । ७ दिन भित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र कार्यलाय प्रमुख विरुद्ध राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन् ।

## ज) निर्णय उपर उजुरी सुन्ने अधिकारि :

- योजना प्रमुख श्री कृष्ण कुमार महतो
- सूचना अधिकारी श्री रंजित कुमार राय

## झ) सम्पादन गरेको कामको विवरण :

यस योजना कार्यालय अन्तर्गत पुर्व-पश्चिम तथा उतर दक्षिण गरि जम्मा ४०३.६८ कि.मि. सडक रहेको छ | जसमा २९९.८० कि.मि. नेपाल सरकारको बजेटबाट निर्माण भएको हो, बाँकी १०३.८८ कि.मि. भारतीय अनुदानबाट निर्माण भएको छ | हाल सम्म जम्मा ३४२.६८ कि.मि. सडक कालोपत्रे सम्पन्न भई करिब ६१ कि.मि. सडक कालोपत्रे गर्न बाँकी रहेको छ |

| क्र.सं. | निर्माणधिन सडकहरु | जम्मा लम्वाई(कि.मी.) | कालो पत्रे सम्पन्न | जिल्ला | कैफियत |
|---|---|---|---|---|---|
| १ | बलान कमला सडक | २९.९८ | २९.९८ | सिरहा | **नेपाल सरकार बाट (२९९.८० कि.मि)** |
| २ | गोलबजार जम्दह-लगडी गडियानी सडक | २७.४६ | ० | | |
| ३ | कदमचौक कपतौल तिनकौरिया सडक | ३०.५८ | २४ | धनुषा | |
| ४ | यदुकुहा खजुरी महुवा सडक | १० | ६ | | |
| ५ | जनकपुर जलेश्वर भिठ्ठामोड सडक | १८.५६ | १८.५६ | धनुषा र महोतरी | |
| ६ | जनकपुर बसबिटी बलवा हर्दी पोखरी भिण्डा संग्रामपुर सडक | २० | १८ | | |
| ७ | एम.आर.एम. बाँके सग्रामपुर सडक | २२.४८ | २०.७७ | सर्लाही | |
| ८ | एम.आर.एम.(फुलजोर) त्रिभुवननगर सडक | २३.२ | २३.२ | | |
| ९ | सितलपुर मलंगवा खरैईयाटोल (पूर्व पश्चिम हुलाकी) सडक | ४०.३७ | ३८ | | |
| १० | नवलपुर मलंगवा सडक | २६.५९ | २६.५९ | | |
| ११ | नयाँरोड बरहथवा मधुवनी सडक | ४०.५८ | ४०.५८ | | |
| १२ | गोडैता-महिनाथपुर-माधोपुर-जयनगर-हर्नैया(च्युटाहा), सडक खण्ड सर्लाही | १० | ० | | |
| १३ | विरेन्द्र बजार यदुकूहा महिनाथपुर सडक | ३२.३१ | ३१ | धनुषा | **भारतीय अनुदान सहयोग बाट (१०३.८८ कि.मि.)** |
| १४ | जनकपुर यदुकूहा सडक | १६.६३ | १२ | | |
| १५ | माईस्थान गौशला सम्सी सडक | २६.९४ | २६ | महोतरी | |
| १६ | जलेश्वर हर्दि सडक | २८ | २८ | | |
| | **जम्मा** | ४०३.६८ | ३४२.६८ | ६१ कि.मि. कालोपत्रे गर्न बाँकी | |



बलान कमला सडक, सिरहा




यदुकुहा खजुरी महुवा सडक, धनुषा



रातु पुल बन्चौरी, महोतरी




गागन पुल, सिरहा




बाँके संग्रामपुर सडक, सर्लाही



फुल्जोर त्रिभुवननगर सडक, सर्लाही

हुलाकी सडकमा पर्ने जम्मा ६१ वटा पुलहरु रहेको छ | जसमा २२ वटा पुलको निर्माण कार्य सम्पन्न भईसकेको, २१ वटा पुल हाल निर्माणाधीन अवस्थामा रहेको तथा १८ वटा पुलको ठेक्का व्यवस्थापन गर्नु पर्ने रहेको छ |

## ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद :

**सूचना अधिकारीः-**

नाम थर रंजित कुमार राय

पद इन्जिनियर

मोबाइल नंः- ९८५४०२९८३२ ईमले : phpojanakpur@dor.gov.np/phphulakijnk@gmail.com

**कार्यालय प्रमुख :-**

नाम थर कृष्ण कुमार महतो

पद योजना प्रमुख

मोबाइल नं ः- ९८५४०२१११५ ईमले : phpojanakpur@dor.gov.np/phphulakijnk@gmail.com

## ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

- वातावरण संरक्षण ऐन, २०७६
- वातावरण संरक्षण नियमावली, २०७७
- सार्वजनिक सडक ऐन, २०३१
- जग्गा प्राप्ति ऐन, २०३४
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- सडक बोर्ड ऐन, २००२
- सडक बोर्ड निर्देशिका, २०६१
- सडक बोर्ड नियमावली, २०६०
- सरकारी रुख हटाउने सम्बन्धि मापदण्ड, २०७३
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- सडक विभागको योजना अनुगान तथा सुपरिवेक्षण सम्बन्धि आन्तरिक निर्देशिका, २०७८
- अन्य विभागिय निर्देशिका, Norms, Standard Spesifications तथा परिपत्रहरु

## ठ) आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धि अधावधिक विवरण :-

| आर्थिक वर्ष | खर्च शिर्षक | वार्षिक वजेट रु. करोडमा | असोज मसान्त सम्म भएको खर्च रु करोडमा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २०८२/८३ | हुलाकी सडक तथा पुल निर्माण (३११५१) | ५९.९० | ७.०९४ | ११.८४ |
| २०८२/८३ | जग्गा खरिद/ सडक विस्तारको क्रममा सडक सिमा भित्र पर्ने संरचनाहरुको क्षतिपूर्ति मुआब्जा (३१४११) | ५ | १.०३९ | २०.७८ |